# आवरणीय विद्वान् प्रा. डा. बालकृष्ण पोखरेलको विद्वद् प्रवचन

**मदन पुरस्कार गुठीका अध्यक्ष आवरणीय कमलबाबु, जगदम्बा-श्रीद्वारा विभूषित भैरव रिसालज्यू, युवामित्र कृष्ण धरावासीज्यू, विद्वद्जन तथा विभुषीहरू,**

सर्वप्रथम म आजका सम्मानित व्यक्तिहरू दुई जना श्री भैरव रिसाल तथा श्री कृष्ण धरावासीलाई बधाई ज्ञापन गर्दछु। यसरी विद्वद् प्रवचन गर्ने यस गरिमामय सभामा निमन्त्रित हुँदा म गौरवान्वित भएको छु। मेरो धन्यवाद स्वीकार होस्।

अब आफ्नो प्रवचन सुरु गर्दछु।

कुनै पनि जातिको अध्ययन आफैमा एक जटिल कार्य हो। यसको कारण के हो भने जातिमिश्रण, धर्मपरिवर्तन, स्थलपरिवर्तन (बसाइँसराइ), युगपरिवर्तन आदि यस्ता कुरा हुन्, जसले हामीलाई मगज खियाउन र कलम चलाउन अप्ठेरो पारिदिन्छन्। प्राचीन कालमा मान्छेलाई उसले पुज्ने गरेका हात्ती, घोडा, बाँदर, बोका, सर्प, नाग, भेडा (मेष), सूर्य, चन्द्र, हात्ती, भालु आदिका रूपमा हेरिन्थ्यो। उदाहरणार्थ एकथरी मान्छे आफूलाई वृष (वार्ष/टाउरस इ.)को रूपमा हेर्थे। यसरी हेर्न बानी परेका मानवका सन्तानहरूमध्ये थारू पनि हुन्। आफूलाई सूर्य (ऋ, रा, रे, इ.)का सन्तान हौं भन्नेहरू आर्य, अल्लाह, इलाही, आदित्य, आतोन (आदि) कहलाउँथे। आफूलाई घोडाका सन्तान हौं भन्नेहरू आश्विन, ईश्वर, औषस, सु, ऊषा, तामाङ (आदि) कहलाउँथे। अझ ईश्वर जाति त रा (सूर्य) उपासनामा ओर्लिएको ईश (अश्व) जाति हो। सुर (सु+रा) पनि ईश्वर (अश्व +रा) नै हो परन्तु अमर जाति भने सूर्य (रा) उपासक हुन पुगेको आमु अर्थात् मेष

(भेडो) जाति हो। मिश्र मेष+रा) र अमर (आमु+रा) दुवै जातीय दृष्टिले समान ठहरिन्छन्। परन्तु राम (रा+आमु) जाति भने आरम्भमा आर्य (सूर्यउपासक अथवा रा) रहेर पछि मेष (आमु अथवा मागी) हुन पुगेको ठहर लाग्छ। मिस्र देशमा मृत्युदेव मोत (मुत/मत/मौत)को प्रतीक मानिन्थ्यो, समुद्रलाई यसैले यसलाई मुद्रादेश पनि भनिन्थ्यो। समुद्रलाई राक्षसको रूपमा हेर्ने परम्परा यहींको विकास प्रतीत हुन्छ। मिस्र देशलाई कोफ्तिऊ (वानरभूमि), खेम (पृथ्वीलोक) आदि नामले पनि पुकारिन्थ्यो। मिस्रको उत्तरवाहिनी सदानीरा नाइल नदी समुद्रमा झर्ने ठाउँको छेउमा स्थित सेद्राको खाडी नै त्यहाँको महाकाव्यको खलनायक सेद (सेथ)को आधार हो। यो सेद्राको तटमा अतीतमा बस्ने सेद्रगुप्त अर्थात् चित्रगुप्तको पनि आश्रयस्थल हो। अतीतमा गुप्तदेश (कप्टिकल्यान्ड) भनेर पनि यसै वानरभूमि इजिप्टलाई बुझिन्थ्यो। संसाभरि कतै मङ्गोल, कतै मर्क, कतै माङ्गर, कतै कपिल, कतै मोलोक आदिझैं वानरनामक जातिहरू मात्र होइन, आभीर, हिब्रू, अहि, नाग, सर्प (आदि) जातिको समेत मूल एकै हो भन्ने कुरामा विचारकहरू सहमत छन्। मृत्युदेव यमसित सरोकार राख्ने यव, यवन आदि पनि भिन्न ठहरिन्नन्। बाइबलले स्वर्गको आगो चोरेबापत ईश्वरबाट दण्डित भए भनी स्विकारेका माधवमूलीय प्रोमेथिउस मात्र होइन, मानवधर्म जिन्दावादको नारामा विश्वास राख्ने मनु अथवा नोहका तीनै भाइ छोरा (साम, हाम र जापेथ)को मूल यसैलाई मान्न सकिन्छ। तामाङ जातिको नामान्तको माङ, मगरवाची माङ्गरको नामारम्भको माङ, मङ्गोलियाको नामारम्भको मङ, अङ्ग्रेज साधु मङ्क र अङ्ग्रेज बाँदर मङ्की आदिलाई समेट्दै अफ्रिकाको वानर जाति (गुप्त या कोफ्त) समेतलाई जोड्ने यस महासंसारमा छामछुम गर्दा के थाहा पाइन्छ भने खस जातिको मूल यो होइन। उसोभए के हो त खस जातिको मूल ?

विषयलाई लम्बिन नदिन जबाफ यसरी प्रस्तुत गर्न सकिन्छ, खस जातिको मूल काशी जाति हो, जसको विश्वास हामी बोको अथवा

बाखाका सन्तान हौं भन्ने कुरामा थियो। पुराणमा एवं वेदमा यो जाति अज पनि कहलाउँथ्यो। यस जातिलाई वर्क, वर्कर, त्राग, त्रागोस, थ्रेक, मेष, मग, मेकल, कोशल, बाह्लीक आदि पनि भनिन्थ्यो। यसको उपास्यदेवको नाम कुमार कार्तिकेय (स्कन्द, ब्रह्मण्य, सुब्रह्मण्य, विराट् आदि) थियो। यसलाई विभिन्न वाङ्मयमा कुश, कुचुक, कीचक, कश आदि पनि भनिएको छ। कुमार कार्तिकेयलाई युरोपतिरका छागदेव डायोनिससको दक्षिण-एसियाली प्रकरण मानेको छु मैले। यही कारण हो, पश्चिम बङ्गालमा कुमार कार्तिकेयको जयन्तीमा नाचिने नृत्यलाई छाउनाच (छागनृत्य) मानिन्छ। उता युरोपमा पनि डायोनिससको नाममा नाचिने नृत्यलाई छागनृत्य (ट्रेजेडी) नै भनिन्थ्यो। अतीतमा ग्रीसमा खस (त्रागी)हरूलाई तर्साउने विनाशकारी मानव मानिन्थ्यो। पछि खस जातिको मेष (मक/मग) जातिका राजा फिलिपले ग्रीसउपर कब्जा गरेपछि त्यही नाचलाई त्यहाँ काव्यको आत्मा मानिन लाग्यो।

प्राचीन संसारमा खस जाति समेतको उपस्थिति भएका प्रमुख सभ्यता तीन (सुमेर, क्रीट र मिस्र) नै ठहरिन्छन्। खस जातिको त्यहाँ केकस्तो उपस्थिति थियो, तल संक्षेपमा भनिनेछ।

## १. *सुमेरमा*

सुमेरको प्रलयपछिको पहिलो राजवंश हो कीशवंश। यस वंशका राजा गिलगामेशको नाममा रचित महाकाव्यको साम्य हाम्रो रामायणसँग भएको कुरो सरोकारवालाहरूमा अवगत छ। हाम्रा राम पनि आमु (मेष)का तर्फबाट खस (रा+आमु) ठहरिन्छन्। गिलगामेश पनि कीशवंशी भएकाले खस (काशी) ठहरिने कुरामा शङ्का छैन। परन्तु खस भए पनि राम वानर फौजका मालिक भएझैं गिलगामेश पनि वानर भइसकेका थिए कि भन्ने कुरो 'कीश' शब्दको संस्कृत पर्यायले बताउँछ। संस्कृतमा यसको अर्थ वानर लाग्छ। हाम्रा फलित,

ज्योतिषमा वानर र बोकोलाई एकार्काका वैरी मानिएको छ । छाँटले सुमेरउपर वानरवैरी काशीहरूले जिते पनि त्यहाँको संस्कृतिले तिनलाई हराएर कीश (वानर) तुल्यायो ।

सुमेरमा गोठालाहरूको इस्टदेव नन्दलाई हामी कृष्णका पिता नन्दसँग तुलना गर्न सक्छौं । फरक कति मात्र छ भने नन्द पृथ्वीमा गाईबस्तु चराउँथे, जब नन्ना (चन्द्रदेव) भने आकाशमा गाईबस्तु (तारागण)लाई चराउँथे । भारतको केदारभूमि (गढवाल)लाई वाङ्मयहरूमा खशमण्डल भनिएको छ । गढवालमा पाइने नन्दागिरि नामक पर्वतले सुमेरकै चन्द्रदेव नन्नाबाट नाम पाएको हुनसक्छ । परन्तु नन्ना र नन्दागिरिमा के अन्तर छ भने नन्नामा झैं यहाँ काशी जातिले वानरको शिकार हुनुपरेको छैन ।

वेदभन्दा लगभग १७०० वर्षपूर्व गणदास नामक काशी नरेशले सुमेरमा हमला गरे । तिनका सन्तानहरूले भने सुमेरमा राम्रो करामत देखाए । रावणका ससुरा मयदास (किङ माईदास)को कुलसँग सम्वन्धित गणदासले चन्द्रदेव नन्नाका नाति र बुधदेव उतुका छोरालाई छागदेव शाकम हुन बाध्य तुल्याए । काशीको यस सफल प्रभुत्वपूर्व त्यहाँको महानगरी बेबिलोन कीश (वानर) तथा किन (घेडा)को देश (धा) अर्थात् किष्किन्धा थियो । परन्तु काशीहरूले त्यसलाई बाबैरुस (ईश्वरको ढोका) तुल्याए, त्यसलाई तिनतिर्की नाउँ दिएर । नेपाली समाजमा अझै पुजिने बाबिरो मस्ट पक्कै बेबिलोनबाट आयातीत खसमूलीय देवता हो ।

सुमेरमा खसहरूको अर्को चमत्कार थियो, त्यहाँका गोपालक (गुती)हरूलाई कुक्कुर- उपासनाबाट काशी तुल्याउनु । यी गोपालहरूलाई ग्रिसेलीहरू स्कुथ भन्थे भने फार्सेलीहरू सग (कुक्कुर) भन्दथे । यस्तो कुक्कुरदेवको उपासक गुतीलाई छाग या शालिवाहनको मान्यता दिलाउनुमा सुमेरका काशीहरूको ठूलो हात छ । सत्य कुरो के हो भने गाईबस्तु चराउने पेसामा पालेको भूमिका कुकुरले अझै पनि खेलेको

पाइन्छ। उहिले पनि गुती अथवा शकहरू गाईबस्तुको संरक्षक कुकुर लाई मानी त्यसको पूजा गर्थे। नेपालमा कुकुर-तिहारका दिन त्यो पूजा हुँदैछ। परन्तु उक्त पूजालाई शक (कुक्कुर) उपासनाको अवशेष मात्र मान्न सकिन्छ। हामी के नबिर्सौं भने शक अथवा शालिवाहन (छाग)हरू कुतिक मूलबाट खस बनेका भएकाले ती अझै शतप्रतिशत खस हुन् भन्न मिल्दैन।

काशीनरेश गणदास र तिनका वंशजको सुमेरको लागि महत्तम देन ठहरिन्छ, त्यहाँ दजला र फुरातको बीचमा वाराणसीको विकास गर्नु। दजला नदी हो अश्वीगङ्गा जो ऋग्वेदको दिव्य पुरुषको देब्रे तिघ्रो ठहरिन्थ्यो। ग्रिसेलीहरू यसलाई टाइग्रिस भन्दथे र हाम्रा खस पूर्वजहरूले यसलाई पक्कै तिघ्रा गङ्गा भन्दथे। सुमेरको पश्चिम सीमामा पर्ने वरुणा नदी दिव्य पुरुषको दाहिने तिघ्रो अर्थात् ऊरु (फुरात) थियो। यी दुई नदी (दिव्य जङ्घा)मा मिलाप थिएन। यसले गर्दा वरुणा नदी पश्चिमबाट आएको दुन्दुभि जातिले सुमेरमा हमला गर्ने साहस गऱ्यो। काशी नरेशले पश्चिमका च्यावन (और्व)लाई र पूर्वका आश्विनलाई सेनामा भर्ना गरी सुमेरलाई समाप्त गर्न चाहने दुन्दुभिलाई लखेटे। यसरी सुमेरले प्रथम वाराणसी (बुर्नुम बुरियास)लाई जन्मायो। दुई तिघ्राझैं यदि दिव्य पुरुषका दुई हात (चन्द्रवंशी छेत्री पैदा गर्ने दाहिने एवं सूर्यवंशी छेत्री पैदा गर्ने देब्रे)ले पनि मिल्न जानेको भए देव नामक विदेशी जातिले प्रवेश गरेर महाभारतको झैं युद्धमार्फत संहारको खेल खेल्ने मौका पाउने थिएन।

## २. *क्रीटमा*

खस जातिको भूमिका सिङ्गो ग्रीसमा मात्र होइन, युरोपमा पनि कम छैन, परन्तु क्रीटमा मात्र पनि यसले खेलेको एउटा भूमिका प्राक्कल्पित हुनु सम्भव छ। हामी क्रीटको प्राचीन नाम (कृति)का आधारमा दुई प्रकारका कार्तिकेयको अनुमान गर्न सक्छौं- कुमार कार्तिकेय र

ज्योतिषमा वानर र बोकोलाई एकार्काका वैरी मानिएको छ । छाँटले सुमेरउपर वानरवैरी काशीहरूले जिते पनि त्यहाँको संस्कृतिले तिनलाई हराएर कीश (वानर) तुल्यायो ।

सुमेरमा गोठालाहरूको इस्टदेव नन्दलाई हामी कृष्णका पिता नन्दसँग तुलना गर्न सक्छौं । फरक कति मात्र छ भने नन्द पृथ्वीमा गाईबस्तु चराउँथे, जब नन्ना (चन्द्रदेव) भने आकाशमा गाईबस्तु (तारागण)लाई चराउँथे । भारतको केदारभूमि (गढवाल)लाई वाङ्मयहरूमा खशमण्डल भनिएको छ । गढवालमा पाइने नन्दागिरि नामक पर्वतले सुमेरकै चन्द्रदेव नन्नाबाट नाम पाएको हुनसक्छ । परन्तु नन्ना र नन्दागिरिमा के अन्तर छ भने नन्नामा भ्कैं यहाँ काशी जातिले वानरको शिकार हुनुपरेको छैन ।

वेदभन्दा लगभग १७०० वर्षपूर्व गणदास नामक काशी नरेशले सुमेरमा हमला गरे । तिनका सन्तानहरूले भने सुमेरमा राम्रो करामत देखाए । रावणका ससुरा मयदास (किङ माईदास)को कुलसँग सम्बन्धित गणदासले चन्द्रदेव नन्नाका नाति र बुधदेव उतुका छोरालाई छागदेव शाकम हुन बाध्य तुल्याए । काशीको यस सफल प्रभुत्वपूर्व त्यहाँको महानगरी बेबिलोन कीश (वानर) तथा किन (घेडा)को देश (धा) अर्थात् किष्किन्धा थियो । परन्तु काशीहरूले त्यसलाई बाबैरुस (ईश्वरको ढोका) तुल्याए, त्यसलाई तिनतिर्की नाउँ दिएर । नेपाली समाजमा अभ्कै पुजिने बाबिरो मस्ट पक्कै बेबिलोनबाट आयातीत खसमूलीय देवता हो ।

सुमेरमा खसहरूको अर्को चमत्कार थियो, त्यहाँका गोपालक (गुती)हरूलाई कुक्कुर- उपासनाबाट काशी तुल्याउनु । यी गोपालहरूलाई ग्रिसेलीहरू स्कुथ भन्थे भने फार्सेलीहरू सग (कुक्कुर) भन्दथे । यस्तो कुक्कुरदेवको उपासक गुतीलाई छाग या शालिवाहनको मान्यता दिलाउनुमा सुमेरका काशीहरूको ठूलो हात छ । सत्य कुरो के हो भने गाईबस्तु चराउने पेसामा पालेको भूमिका कुकुरले अभ्कै पनि खेलेको

पाइन्छ। उहिले पनि गुती अथवा शकहरू गाईबस्तुको संरक्षक कुकुर लाई मानी त्यसको पूजा गर्थे। नेपालमा कुकुर-तिहारका दिन त्यो पूजा हुँदैछ। परन्तु उक्त पूजालाई शक (कुक्कुर) उपासनाको अवशेष मात्र मान्न सकिन्छ। हामी के नबिर्सौं भने शक अथवा शालिवाहन (छाग)हरू कुतिक मूलबाट खस बनेका भएकाले ती अझै शतप्रतिशत खस हुन् भन्न मिल्दैन।

काशीनरेश गणदास र तिनका वंशजको सुमेरको लागि महत्तम देन ठहरिन्छ, त्यहाँ दजला र फुरातको बीचमा वाराणसीको विकास गर्नु। दजला नदी हो अश्वीगङ्गा जो ऋग्वेदको दिव्य पुरुषको देब्रे तिघ्रो ठहरिन्थ्यो । ग्रिसेलीहरू यसलाई टाइग्रिस भन्दथे र हाम्रा खस पूर्वजहरूले यसलाई पक्कै तिघ्रा गङ्गा भन्दथे। सुमेरको पश्चिम सीमामा पर्ने वरुणा नदी दिव्य पुरुषको दाहिने तिघ्रो अर्थात् ऊरु (फुरात) थियो। यी दुई नदी (दिव्य जङ्घा)मा मिलाप थिएन। यसले गर्दा वरुणा नदी पश्चिमबाट आएको दुन्दुभि जातिले सुमेरमा हमला गर्ने साहस गऱ्यो । काशी नरेशले पश्चिमका च्यावन (और्व)लाई र पूर्वका आश्विनलाई सेनामा भर्ना गरी सुमेरलाई समाप्त गर्न चाहने दुन्दुभिलाई लखेटे। यसरी सुमेरले प्रथम वाराणसी (बुर्नुम बुरियास)लाई जन्मायो। दुई तिघ्राझैं यदि दिव्य पुरुषका दुई हात (चन्द्रवंशी छेत्री पैदा गर्ने दाहिने एवं सूर्यवंशी छेत्री पैदा गर्ने देब्रे)ले पनि मिल्न जानेको भए देव नामक विदेशी जातिले प्रवेश गरेर महाभारतको झैं युद्धमार्फत संहारको खेल खेल्ने मौका पाउने थिएन।

## २. *क्रीटमा*

खस जातिको भूमिका सिङ्गो ग्रीसमा मात्र होइन, युरोपमा पनि कम छैन, परन्तु क्रीटमा मात्र पनि यसले खेलेको एउटा भूमिका प्राक्कल्पित हुनु सम्भव छ। हामी क्रीटको प्राचीन नाम (कृति)का आधारमा दुई प्रकारका कार्तिकेयको अनुमान गर्न सक्छौं- कुमार कार्तिकेय र

सहस्रार्जुन कार्तवीर्य । कुमार कार्तिकेय खस मूलका उपास्यदेव थिए । कार्तवीर्य भने हैहयवंशी अर्जुन थिए। ग्रीसको प्राचीन नाम आर्गेया पनि हो। अतः शाब्दिक अर्थमा अर्जुन ठहरिन्छ ग्रिसेली मान्छे। ग्रिसेलीहरू-मध्ये पनि आफूलाई हैहय मान्नेहरू सहस्रबाहु ठान्दथे किनभने ती हिट्टेली हस्ती नरेशका सन्तान नभए पनि उत्तराधिकारी थिए। ऋग्वेदको बाहुबाट छेत्री जन्मिए भन्ने भनाइका आधारमा हैहयहरूले आफूलाई हजार हात भएको झर्रो छेत्री ठानेका थिए। मौलिक गोतका हिट्टेलीहरू उदार भएकाले ब्राह्मणको हत्या गर्दैनथे। परन्तु इतर मूलका हैहय भने ब्राह्मणका कटु विरोधी थिए । सबैलाई थाहा छ, परशुरामका पिता जमदग्निको हत्या गर्ने कार्तवीर्य कति धेरै ब्राह्मणविरोधी थिए ।

हैहयहरू ब्राह्मण विरोधी हुनाको खास कारण हो ग्रिसको छिमेकमा ब्राह्मणहरूको मूल काशी मूलको हुनु तर हैहयहरूको दूरवर्ती मूल वानरगोतको हुनु । वानरवैरी अज अथवा अजवैरी वानर भन्ने पञ्चाङ्गीय कथनबाट प्रस्ट हुन्छ, किन हैहय सागर (इ जियन सी)को निकटमा तं बाहुन र म छेत्री भन्ने साम्प्रदायिक झगडा चालू भयो। ग्रिसको जनसङ्ख्याको झन्डै पच्चीस प्रतिशत भाग खसहरूले ओगटेका थिए तर तिनलाई ग्रिसेलीहरू एक आँखे शुक्रम (कुक्लोपेस) भनी घृणा गर्दथे सम्भवतः हाम्रा पुराणमा दानव गुरु शुक्राचार्यले एक आँखो गुमाएको प्रसङ्ग र ग्रिसेली पुराकथाको एअआँखे कुक्लोपेसको प्रसङ्ग एकै कथानकका दुई प्रकरण हुन् ।

अक्षको अर्थ संस्कृतमा गरुडदेव पनि लाग्दछ र सुवर्ण पनि लाग्छ । गरुडवाची रुक्मन् शब्दको पनि दोस्रो अर्थ सुवर्ण छ र त्यो नेवारी भाषामा लुंका रूपमा अझै जीवित छ। गरुडका दाजु अरुणबाट समेत संस्कृतले सुवर्णार्थको विकास गरेको थियो, तर त्यो उता युरोपतिर पाइन्न, कारण ग्रिसेली पुराकथामा सृष्टिको थालनी गेया (पृथ्वी) र अरुण (आकाश)को सङ्गमबाट भएको कुरो वर्णित पाइए तापनि अरुण सुवर्ण हो भन्ने कुरोचाहिँ फेला पर्दैन। अरुणलाई आँखा (अक्ष) भनिएको प्रमाण

पनि कतै फेला पर्दैन । माता विनता (भेनिस)का दुई भाइ छोरामध्ये एक भाइ (अरुण)ले अक्ष (आँखा)को अर्थ गुमाएको हुनाले नै तिनका मातहतमा पर्ने शुक्रभहरूलाई एकआँखे भनिएको पो हो कि, यस प्रश्नको उत्तर दिन हामीले अझै विचारको मन्थन गर्न बाँकी छ ।

मेरा विचारमा स्वस्तिक-चिन्हका दुई प्रकार छन् । एउटा प्रकार हो, जता फर्काएर हेर्दा पनि पुच्छर पश्चिम र चुच्चो पूर्वतिर पर्नेचाहिँ, जसलाई हामी गारुड (गोल्ड) तिरको प्रकार भन्न सक्छौं । राजा मयदासका पिता गोर्डियस गारुड स्वर्णका स्वामी थिए । अङ्ग्रेजीको गोल्ड, नेवारीको लुँ (आदि) यसैका उपज हुन् । स्वस्तिकको जता फर्काए पनि चुच्चो पश्चिम र पुच्छर पूर्व पर्ने प्रकारको नाताचाहिँ पक्कै विनतापुत्र अरुणसँग छ । त्यसै सुअरुणबाट स्वर्ण भयो कि सु+वर्णबाट स्वर्ण भयो, यसबारे केही भन्नु सम्भव छैन । यसरी स्वस्तिकको पश्चिमी भेद अझै खोजीको विषय भएको हुनाले हामी यसबारे खुलस्त बन्न सक्तैनौं ।

काशी महाजातिका गारुड (अक्ष) र आरुण (हिरण्याक्ष) दुवै शाखा (क्रमशः कोकले र सोकोल) सुनसित सम्पर्कित भएको देख्दा तिनको त्यहाँ पदोन्नति भएको छर्लङ्गिन्छ । हुन पनि वर्कर (बुल्गार) शाखाका बल्कानेली खसहरूको देश बुल्गारियाको राजधानी सोफियामा हालै भएको उत्खननमा त्यहाँका प्राचीन शाही निवासभित्र जति प्रकारका गहना देखा परे, तिनबाट युरोपेली खसहरू सुनको हस्तकलामा कति सिद्धहस्त थिए भन्ने सत्यलाई प्रकाशमा ल्याउँछ । नेपालको कामी समाजमा सुन, फलाम, तामा, काँसो, कीट आदिमा सुनार, लोहार, टमोट, कूसेरा, कूडार आदि भिन्न तहका जुन शिल्पी देखा परेका छन् तिनले हाम्रा खसहरू खनिजकलाका सबै इलाकामा प्रवीण भएको सत्य जनाउँछन् । यसैले युरोपमा खस जाति सुवर्ण-उपार्जनको होडमा पछि नपरेकोमा मन छक्क पर्छ । मन छक्क पर्दछ, युरोपमा आरुण र गारुड गोतका खसहरूले बोको धर्म गुमाएर पक्षी धर्म स्वीकार गरेको

देख्दा । पक्षी पहिचान अवश्य पनि खस जातिको मौलिक चिनारी ठहरिन्न ।

परन्तु कुनै पनि जातिको बीच देश, काल र परिस्थितिको प्रभाव नपरेको देख्न कतै पाइन्न । हामीलाई थाहा छ लिच्छवि अथवा निच्छवि जाति अतीतमा छवि (मूर्तिपूजा) विरोधी थियो । छवि शैलीको शरीर (मूर्ति) नभएपछि लिच्छविहरूको लागि मन्दिरको निर्माण पनि अनावश्यक भयो । आज मूर्तिपूजकलाई बूतपरस्त भनेर मुसलमानले अनि प्यागन भनेर क्राइस्टेलीले हियाएको देख्न पाइन्छ । परन्तु मसजिद-गिरजाघर नामका घर भगवान्लाई बनाइदिएर ती अचेल जुन प्रकारको बूतपरस्ती अथवा प्यागनप्रेमको रमरमलाई प्रदर्शित गर्दैछन् निच्छवि वा लिच्छविहरूमा त्यो कमजोरी पनि थिएन । लिच्छविका परमात्मा थिए ब्रह्मा । ती अनङ्गतम थिए । ती फगत कामदेव (मनले कामना गरे मात्र पनि प्रसन्न हुने देवता) थिए । त्यस कामनाको अर्को पर्याय थियो ध्यान । साङ्गोपाङ्ग उपासना (प्यागनमार्ग)का प्रबर्तक आङ्गिरस एवं शैवहरू ब्रह्माको अनङ्गमार्गदेखि क्रुद्ध भए । शिवजीको तेस्रो आँखाबाट निस्केको आगोमा जलेर अनङ्ग मरे । आङ्गिरसहरूले होम गर्ने समिधाको काठले ब्रह्ममार्गी राजा वेनको हत्या गरे । साङ्गोपाङ्ग उपासनाका प्रवर्तक बसिष्ठले मूर्तिपूजा विरोधी (विदेहपन्थी) राजा निमिको हत्या गरे । यस प्रकार मूर्तिपूजा विरोधी लिच्छवि, विदेह, मैथिल आदि थिए तापनि आज ती सबै मूर्तिपूजक देखिन्छन् । आफूलाई आकारी (मूर्तिपूजक) ठान्ने पन्जाबका अकालीले मात्र होइन, त्यहाँका निराकारी (तथाकथित निरङ्कारी)हरूले मूर्तिको सामुन्ने झुकेर प्रार्थना गरेको देख्दा अनौठो बोध हुन्छ । नेपाली नरेशहरूमध्ये आफूलाई लिच्छवि (मूर्तिपूजाविरोधी) नाउँले परिचित गराउन रुचाउने मानदेवले चाँगुनारायणको मन्दिर बनाएर त्यसमा अनेकौं प्रकारका मूर्ति स्थापित गरेको देख्दा कसको मन छक्क नपर्ला । अतः छाग जातिको सदस्य भएर पनि गारुड एवं आरुणझैं पहिचान अँगालेको देख्दा हामी तर्सिने

प्रश्न उठ्दैन । वास्तमा काशीहरूले आफ्नो बोको पहिचान त्यागेर अरू पहिचान अँगालेको र अरूहरूले पनि आ-आफ्ना पहिचान त्यागेर बोको पहिचान ग्रहण गरेकोतर्फ म तलका कण्डिकाहरूमध्ये खुलस्तिनेछु ।

## ३. *मिस्र देशमा*

मिस्त्रदेशमा खस जातिका खोइसवंशी नरेशहरू र यक्ष (हिक्सोस) वंशी नरेशहरूको उदय हुनुपूर्व नै परापूर्व कालमा उत्तरी अफ्रिकाको कार्थेज इलाकामा खस (काशी) जातिका पूर्वज कुश नामले बस्दथे । कार्थेज इलाका र त्यसको छिमेकका अल्जिरिया, मोरक्को, टिउनिसिया र लिबियाका रैथाने र नेपाली झर्रा खसहरूलाई एकै ठाउँमा राखेर फोटो खिचाइयो भने को कुसेली खस हुन् र को हिमाली खस हुन् भनी पर्गेल्न कठिन पर्छ । धेरै सम्भव छ, हाम्रा राउटे र कुसुन्डाहरू प्रत्नपाषाणकालमै कार्थेजबाट आएर बसेका गुफावासी हुन् । सम्भव छ, काशीगोत्रका नेपाली किराँतहरू उत्तरी अफ्रिकाबाटै आएका कुसेली (Cushitic) मानवका सन्तान हुन् । उत्तरी अफ्रिकाका बर्बर सागर (सी अफ म्रमोरा) तथा चित्रगुप्तीय खाडी (गल्फ अफ सेद्रा) आदिमा मिसिने नाइल नदीहरूलाई यी कुशवंशीहरू पक्कै कोसी भन्दथे । नेपालका थुप्रै नदीलाई कुशद्वीपीय कौशिकहरूले कोशी नाम दिए । कोशीको अपभ्रंश खुसी पनि सुन्न पाइन्छ। कुसुन्डाको अपभ्रंश नेपालमा खुसुन्डा पनि भएको छ ।

नेपालपूर्व आसाम निकटको मेघालयमा बस्ने खासीहरू पनि कुशद्वीपीय मूलका काशी हुन सक्छन् ।

टर्कीको खस पर्वत (कशडाँगी अथवा कुचुक मन्दर)मा बस्ने कीचकवंशीय खसहरू कुशद्वीपीय काशीका सन्तान हुन सक्छन् । मध्यएसियाका कुशान अथवा कुचान मूलका खसहरूको मूल पनि

कुशद्वीपीय हुनुपर्छ । हामी कौशिल गोत्रका हौं भनी परिचय दिने नेपालीहरू पक्कै कुशानमूलका हुन् । आफूलाई घृतकौशिक हौं भन्ने नेपाली खसहरू मध्यएसियाबाट आएका खपतलीयहरूका सन्तान हुन् । तिनलाई भ्रमवश भारतीयहरू हूण भन्दथे ।

संक्षेपमा हामी के भन्न सक्छौं भने प्राचीनतम खसहरू जहाँ पनि केवल कुशद्वीपबाट आए । पछि-पछि बसाइँका आरम्भ बिन्दुको सङ्ख्या बढ्दै गयो । सुमेर, क्रीट र मिस्रमा भने दूरवर्ती अतीतमा पक्कै ती कुशद्वीपबाट आए । यति भनेपछि अब म काशी जातिबाट अन्य जातिमा अथवा अन्य जातिबाट काशीमा प्रवेश गरेका उदाहरण पेस गर्दछु ।

## ४. *काशीबाट अन्य जातिमा प्रवेश*

काशीबाट अन्य जातिमा प्रवेश गरेबारे राम्ररी खोज्ने काम अझै शैशवावस्थामा छ । अतीतमा जसरी अश्वबाट आश्विन हुन्छ, त्यसै गरी कश्व (खस) जातिबाट काश्विन हुन्थ्यो । परन्तु अब यसबाट विकसित कश्यप अथवा कच्छपको अर्थ कछुवा लाग्दछ । अतीतमा आमु भन्नाले काशी जातिको मेष शाखा व्यक्त हुन्थ्यो, तर पछि अमर भन्नाले सूर्यपूजक देवगण व्यक्त हुन लाग्यो । मेष खसजाति हो तर सूर्य उपसनामा प्रवेश गर्ने मेषहरू मिस्रदेशका वानर ठहरिए । काशी जाति हस्ती बनेका उदाहरण हुन्, क्षुद्रेसियाका गज अथवा गाजीहरू । मध्यएसियातिरको किर्गिजमा ध्वनित हुने गिजले पनि काशी जाति गज भएतर्फ सङ्केत गर्छ । काशीहरू सुमेरमा पुगेर वानर अर्थात् कीश भएको कुरा हामीले माथि लेखिसक्यौं । हाम्रा नेवारहरूले हात्तीलाई किसि भनेर काशीहरू गज भएबारे उनका पूर्वजलाई पूरा ज्ञान भएको कुरा अझै उच्चारण गर्दैछन् । हाम्रा गुग्गु कटेलहरू काशी (कठ) जातिबाट गज (गुग्गु)भित्र पसेका हुन् भन्ने कुरो थाहा पाइन्छ ।

सुमेरमा छागदेवकी पत्नीको नाम डाम्किना छ । ती और्व जातिकी नारी उर्वशी भएझैं बोको जातिकी नारी बोकोसी हुने कुराको सूचनाकी स्रोत थिइन् । परन्तु अब बोकोसी बोक्सी अर्थात् डङ्गिनी भइसकेकी छन् । यिनै हुन्, काशीबाट काशी इतरमा परिणत भएका केही उदाहरण ।

## ५. *इतरबाट काशी जातिमा परिवर्तन*

अतीतमा सूर्यलाई रा अथवा रे भनिन्थ्यो । द्वादश आदित्यकी मातालाई ऋ र तिनका सन्तानलाई आर्य भनिन्थ्यो । परन्तु नेपालका भोट बर्मेली समाजमा बोको या बाखोलाई रा (द्रा) भनिन्छ । यो आदित्यको काशीकीकरण हो । शक संज्ञा कुक्कुर जातिलाई फार्सेलीहरूले दिएको नाम हो, तर पछि तिनलाई काशी जातिको एक शाखा मानियो । गुतीहरू सुमेरका गोपाल जाति थिए । पछि गाईगोठको सुरक्षा गर्ने पशु भएको आधारमा गुतीहरू कुकुरको पूजा गर्दथे । कुकुरलाई पूजा गरे भनेर गुतीहरूलाई कुतिक अथवा कुक्कुर नाम राखियो । अन्त्यमा गएर पुरानो गुती नाम त्यागेर जब तिनले शकसंज्ञा स्वीकार गरे ती खस जातिका सदस्य वन्न पुगे । ग्रीसले त गुत शब्दलाई समेत छाग स्वीकार गरेको प्रमाण बाखीवाची शब्द गिदाले पेस गर्दछ ।

घोटकको पुरानो अर्थ थियो घोडो । परन्तु वनमा पाइने बाखोलाई जब घोरल भन्न थालियो, तब घोटकको काशिकीकरण भयो । युरोपको प्राङ्गणमा प्रवेश गरेका हस्ती अथवा गाजीहरूलाई त्यहाँ आइबेरियन भनिन्थ्यो । परन्तु जब युरोपका केही भागमा ईभ (आइबेरियन)लाई घोरल (आइबेक्स) भन्न थालियो, यसको पूर्णतः काशिकीकरण हुन पुग्यो । आरम्भमा मर्ग सूर्यको नाम थियो, तर जब वर्कभूमिका बुल्गारहरूले भार्गव चिनारी ग्रहण गरे भार्गवको माने खस लाग्न आरम्भ भयो ।

आरम्भमा भग महादेवको चिनारी थियो, तर जब खस समाजमा यी देवताको पूजा हुन थाल्यो, भगले छागदेवको अर्थ प्राप्त गऱ्यो। कतिले भग अथवा बग सूकरवाची मगर शब्द वाकबाट आएको हो भन्ने पनि प्रस्ताव राख्लान् तर यसलाई शिवबाट ल्याएकै चित्तबुझ्दो लाग्दछ। काशिकीकरणका केही उदाहरण दिएर हामी काशीदेव कुमार कार्तिकेयबारे केही भन्न गइरहेका छौं।

## ६. *काशीदेव कुमार कार्तिकेय*

कुमार कार्तिकेयलाई काशीदेवका रूपमा चिन्नलाई हामीले उनी शिवकी पत्नी अनि पार्वतीकी सौताका सुपुत्र हुन् भनी चिन्न सक्नुपर्छ। ती सौताको नाम गङ्गा हो। माथि भनिएको छ कुमार कार्तिकेय र ग्रिसेली छागदेव दायोनिसस एकार्काका पर्याय हुन्। दायोनिससबारे ग्रिसेली पुराकथामा कथन सर्वत्र समान छैनन्। कतै उसलाई जेउसले सिमेलेतिरबाट जन्माएको पुत्र मानिएको छ। कतै उसलाई पूर्वजन्ममा जेउसले आफ्नी भान्जी कोरे अथवा पर्सिफोनेतिरबाट जन्माएको छोरो जाग्रेउस भनिएको छ। यता हिन्दू पुराणमा पनि कार्तिकेयको जन्म अनौठो छ। पहिले अग्निले शिवजीको पेट बोके। पछि अग्निले शिवको गर्भलाई गङ्गाकिनारमा गई छाडे। अनि त्यो गर्भ आगोझैं दनदनी बल्न लाग्यो। अनि सप्तर्षिका पत्नीमध्ये एउटी (अरुन्धती) बाहेक बाँकी छओटीले त्यो आगो तापे अनि गर्भवती भए। त्यसपछि ती छओटीले शिवको गर्भलाई गङ्गाजीमा छाडिदिए। अनि शिवपत्नी गङ्गाले शिवका छटाउके पुत्र (कुमार कार्तिकेय)लाई जन्माइन्। पार्वतीपुत्र गणेश र गङ्गापुत्र कार्तिकेयलाई सुमेरको प्रसङ्गमा यसरी बुझ्न सकिएला।

१. कुमारकी माता गङ्गा प्रत्नवाराणसीको पूर्वी सीमामा बग्ने अश्वी (तिघ्रा) नदीकी प्रतीक थिइन्, जब गणेशकी माता पार्वती पश्चिमी (वरुणा) नदीकी प्रतीक थिइन्।

२. तिग्रा (अश्वी) गङ्गाको मूल माउन्ट कार्दुक तथा जाग्रोस पर्वतको जलस्रोत हो। पार्वती (वरुणा)को मूल भने मनुपर्वत (अरारत), मैनाक पर्वत, नाइरी संसार (आर्मेनिया) अथवा मैना उपत्यकाको बाटो बगेर आएको जल ठहरिन्छ ।

३. पार्वती स्वयं मेनामूलकी भए तापनि तत्पुत्रको मूल मेना होइन । त्यो हो कानेश (गणेश) मूलको चन्द्रदेव कस्कु (किसिकुमार)को टाउको मात्र। यसरी हस्तीमा परिणत खस ठहरिन्छन् गणेश, परन्तु कार्तिकेय भने हरेक दृष्टिले छागमुख अथवा अजवक्त्र ठहरिन्छन् ।

४. गणेशका सिपाही कानेश निवासी मेसेक (मूषिक)हरू हुन् । अजवक्त्रका सिपाही संसारभरिका काशी हुन् ।

५. पार्वती त्यस मैनाचल (आर्मेनिया)की चेली थिइन्, जो गरुडपुरीबाट भार्गवले बेच्न ल्याएको सुन लुट्दा-लुट्दा भार्गवका दृष्टिबाट खसिसकेकी थिइन् । परिणामस्वरूप भार्गवको खस सेनाले मेनाभूमि आक्रमण गऱ्यो । मैनाक सेनाका नर अथवा मनुहर भागेर यत्रतत्र छरिए। गङ्गा त्यस तिग्रा नदी (अश्वी) थिइन्, जहाँका खसहरूले मैनाकहरूलाई लखेटेका थिए ।

६. पार्वतीको पक्ष अनार्य थियो तर गङ्गाको पक्ष आर्य थियो । शिवजी दुवैका साझे थिए ।

७. पार्वती जलदेव वरुणमा आस्था राख्थिन् तर गङ्गा आग्नेय आश्विन संस्कारकी थिइन् । शिवजी दुवैका साझे थिए ।

८. काशीदेव (अजवक्त्र) भएकाले कार्तिकेयले वानरलाई घृणा गर्नुपर्थ्यो तर मेनाभूमिका निवासी (आरभट, आरट्ट, पुष्कर आदि मूलका) वानर वा मगरहरूलाई कार्तिकेय फौजले किन लखेटेनन् भने ती शिवजीका प्रियजन थिए। नेपालको

पशुपति र भारतको विश्वनाथमा ठूलो सङ्ख्यामा वानर पालिनाको कारण पनि यही हो ।

९. किरात र नेवारमा अझै आफूलाई मेना (मनु, मुना आदि) मानिँदैछ। परन्तु अब नेपाली रूसहरूले यिनलाई शत्रु ठान्न छोडेका छन् । नेपाली वानर (मगरादि) अब अजवैरी छैनन् । अब त ती खसका बन्धु भइसकेका छन् । यो सबै भगवान् शिवजीको कृपा हो । शिव बावा विश्वेश्वर भएकोले नै नेपालका सबै जात र सबै वर्ण एकढिका भएका हुन् ।

## ७. *मगरमूलीय पोखरेल र अरूहरू*

जब सं. २०१० तिर मैले स्वर्गीय पारसमणि प्रधानबाट प्रेरणा ग्रहण गरी खस जातिको अध्ययन आरम्भ गरें, त्यसबेला मेरो उमेर केवल बीस वर्षको थियो । त्यस बेला मलाई के विश्वास थियो भने हामी पानी पोखरेलहरूको दूरवर्ती मूल पनि खस नै हो । यदि त्यस कलिलो उमेरमा आफ्नो दूरवर्ती मूल खस नभई मगर हो भन्ने कटुसत्यको ज्ञान भएको भए मलाई पक्कै काशी-अस्मितातिर चाख लिने जाँगर चल्ने थिएन होला, तर आज मलाई के कुरामा पूर्ण विश्वास भइसकेको छ भने हामी पोखरेलहरू जुन गोत्रका भए पनि हाम्रो मूल मगर अर्थात् माङ्गर हो । माङ्गरहरूलाई लाङ्गा, लङ्गुर, लाख्या, मर्क, मर्कट, कपि, नाग वानर कपिल आदि पनि भन्न सकिन्छ । कपिलबाट बनेको हो काबुल अनि लङ्काबाट बनेको हो लाङ्गा । स्मरण रहोस्, रावण लाङ्गाली समाजको उपाध्याय ब्राह्मण थियो । पोखरेलका प्रकार जति खस समाजमा छन्, त्यति अझै मगर समाजमा पनि छन् । पोखरेल हुँ भन्दा गोर्खाली फौजमा भर्ना नहोइएला भन्ने डरले तिनले राना, थापा, आले (आदि) लेखेर जागिर खाने गरेका छन् ।

नेपालमा थुप्रै मगरहरू खस भएझैं थुप्रै खसहरू मगर पनि भएका छन् । उदाहरणार्थ बराल, नेपाल, खनाल, दाहाल (आदि) थरका मगरहरूको मूल खस हो । यो लेखको प्रस्तुत स्थल मगर-मूलका खसका बारे केही भन्ने भएको हुँदा यो प्रसङ्ग भविष्यको निम्ति थाती राखी म सरोकारका बुँदातर्फ नै मोडिन्छु । अँ त, मगरमूलका नेपाली खसहरूमा पोखरेलका अतिरिक्त कोइराला, कुईंकेल, तिम्सिना, बगाले थापा, मुडुला कार्की, पुवाँर खँड्का (आदि) हुन् । पुवाँर खँड्काको कपिल गोत्रमा प्रस्टै वानरमूलीय काबुल लुकेको छ । मुडुला कार्कीको मुडुला मौद्गल्यको मूल मुद्गलबाट आयो । यो मुद्गलको नाता सोझै मुद्रादेश (मिस्र)सूग भएको हुँदा यो मगरमूलीय होइन भन्नै मिल्दैन । कार्कीमा पाइने 'कर्क'मा दुई प्रकारका नाग पाइन्छन्– एउटा प्रकारको नाग हो सर्प, जो अश्लेषामा पाइन्छ । अर्को प्रकारको नाग हो हात्ती, जो युरोपेली आइबेरियन अर्थात् गर्गमा पाइन्छ । यी दुवै (सर्प र हात्ती) प्रकारका नागहरू लाङ्गा (मगर) मूलका होइनन् भन्ने आँट मेरो छैन (कोइरालाहरूको कोइ अनि कुईंकेलहरूको कुई दुवै प्राकृत भाषाको कइबाट आए, जसको अर्थ हुन्छ मगर (वानर) । बगाले थापाहरूको आत्रेय गोत्र भएकाले ती तैष अथवा पौष मूलका मगर ठहरिन्छन् । आजसम्मको अध्ययनले मलाई अत्रि या आत्रेयहरूको मूल मगरइतर हुन्छ भन्ने सूचना प्राप्त भएको छैन । मैले नेपाली मासिक पत्रिका (गरिमा)को सं. २०६२ मङ्सिरको अङ्क (पूर्णाङ्क २७६) मा अत्रि वा आत्रेयबारे निकै छलफल गरिसकेको हुँदा त्यसलाई यहाँ नदोहोराई केवल पौष वा तैषबारे मात्र तल चर्चा गर्छु । यद्यपि मैले जतनपुरे पोखरेलहरूको वंशावलीको भूमिकामा यसबारे पनि चर्चा गरिसकेको छु । तथापि त्यो वंशावली अझै नछापिएको हुँदा यसबारे तल छोटकरीमा सूचना पेस गर्नु मैले उचित ठानेको हुँ ।

तैष, निष्य, तिष्कर, तुषार आदिबारे पहिले केही भनौं । तैष वा तिष्य दुवै क्रमशः पौष वा पुष्यका पर्याय हुन् । सूकरदेव वराहको नाममा

नेपालमा धार्मिक क्षेत्र वा मन्दिर स्थापित गर्ने कार्यमा मगरको नेतृत्व भएझैं युरोपमा पनि सूकरदेश सिसलीलाई जन्म दिने कार्यमा सुकेल नामक जातिको हात थियो। सुकेलहरू पक्कै काशी मूलका वानर थिए र तिनको शाखा वराह थियो। ग्रीस निकट लुगार, लुका (आदि) नामक जुन मगरहरू बस्थे, ती मकदुनियाली सेनाका आदर्श सिपाही थिए। सिकन्दरको मृत्युपछि उसको साम्राज्यको पूर्वी भाग कालकेय नामक काशी (केलुकस/ सेलुकस)ले पायो भने पश्चिमी भाग पुलामी (तोलेमी) शाखाको मगरले पायो। आफूलाई वराह (सूकर)का भक्त हौं भन्ने सिकेलसित भने ग्रीसको राम्रो नाता नभएकाले होला ग्रिसेली भाषामा बराह (बात्राहोस्) को अर्थ भ्यागुतो लाग्छ।

विष्णु भगवान्को वराह अवतारको विकासमा विट्ठलदेश (इटाली) निवासी विट्ठल (मगर)को हात हुनुपर्छ। आफ्नो नाम अझै विठट्तादास राख्ने चलन भारतको राजस्थानतिर छ। विट्ठलदेशको उत्तरमा मगरहरूको आत्रेय गण (एत्रुस-कन) बस्दथ्यो जसलाई तैष गण (तुस-कन) पनि भनिन्थ्यो। तैप गणको इलाकालाई तुस्कानी अथवा एत्रुरिया भनिन्थ्यो। तिनलाई आफू पुष्य अथवा पौष भएबारे पनि ज्ञान थियो झैं छ, किनभने एत्रुरियाको निकटमा अचेल फ्लोरेन्स नामक जुन स्थल छ यदि त्यो पुष्प (फूल)को अनुवाद (फ्लोरा)बाट जन्मिएको हो भने पुरुप र पुष्पको मूल एकै ठहरिन्छ। युरोपनिवासी यो तैष जातिले क्राइस्टभन्दा निकै पहिले मगरभापा त्यागेर भारोपेली ग्रहण गरिसकेको थियो।

मध्य एसियामा तोखार (तुषार) प्रदेश जन्माएको पनि तैष अथवा तिष्यहरूले नै हुनुपर्छ। आफू पौष या पुष्य भएबारे यिनलाई ज्ञान भएको सूचना हालसम्म मलाई प्राप्त भएको छैन। तुषार (तोक्खारेली)हरू पनि क्राइस्टभन्दा निकै पूर्व भारोपेलीभाषी भइसकेका थिए।

हाम्रो नेपालमा तैप र तुष्यले दोष नाम ग्रहण गरेको पाइन्छ। ती अतीतमा मगरभाषी नै भएको सूचना डोटी शब्दले जाहेर गर्दछ जुन

दोस्दी (दोषगङ्गा)को स्पष्ट विकास हो । दोष (तैष)हरूलाई मैले आजभन्दा ७ वर्षपूर्व प्रकाशित कृति (खस जातिको इतिहास सं.- २०५५, पृष्ठ ५०७) मा डोटेल हुन् भनेर पत्तो लगाए तापनि ती तैषमूलीय मगरका सन्तान हुन् भनी पत्ता लगाउन सकेको थिइन । मैले तिनलाई दासवर्गीय खससित जोडेको थिएँ । परन्तु जतनपुरे पोखरेलहरूको वंशावली लेख्दा बल्ल मलाई थाहा भयो । सन् ५३२ तिर श्वेतहूणहरूलाई दषिण एसियाबाट लखेट्ने डोटेली सम्राट् धामदेव मगरमूलीय नेपाली खस रहेछन् र तिनै धामदेवलाई भारतका इतिहासकारहरूले हूणहन्ता यशोधर्मा भनेका रहेछन् । आफूलाई दोषका रूपमा चिनाउन रुचाउने तैषहरू कहाँबाट र कहिले डोटी आउन बाध्य भए, भन्न सकिन्न । डोटेलहरूको सांस्कृतिक नाम (भट्ट, आरभट, पैक, बाहीक इ.)ले ती आत्रेय गिरि (माउन्ट अरारत)बाट आए भन्ने कुरो स्पष्ट हुन्छ । परन्तु मैनाकका प्रजा भए पनि ती (तामाङ, किरात, नेवारझैं) मनु नभई वानर (मगर) भएका हुँदा तिनलाई मेनाभक्षण नामको युद्धमा मेनाद (खस)हरूले लखेटेको ठहरिन्न । अतः यो आत्रेय गिरिको पहाडी भेकमा बस्ने अग्निपूजक आत्रि समाज र त्यसको फेदीको काद्रु (क्याल्डिया) निवासी जलदेव वरुणका उपासक का- आत्रेय (काद्रव)हरूको बीचको मगरमूलीय धार्मिक गृहयुद्ध हो । यस गृहयुद्धलाई बाइबलले जलबाट पीडितहरूको नोहवृत्तान्तका रूपमा वर्णन गरेको छ । तर यस गृहयुद्धलाई हिन्दू पुराणहरूले चाहिँ अग्निको पुरुषार्थ प्रदर्शन गर्ने खाण्डवदाहका रूपमा वर्णन गरेका छन् । अतः दोष शाखाका मगरका सन्तान डोटेलहरू वाहीक (आरभट/आरट्ट) बर्गका काद्रव सन्तति ठहरिन्छन् । तिनले कद्रुभूमि (खण्डु) छोडेको खाण्डवदाहकै समयमा ठहरिन्छ ।

अब हामी पौष, पुष्य, पुष्कर एवं पोखरबारे पनि छललियौं । फ्लोरेन्सको फ्लोरा (पुष्य) मार्फत युरोपनिवासी तैषहरूलाई हामी पौष हौं भन्ने ज्ञान थियो भन्ने कुराको झिनो सूचना हामीलाई प्राप्त छ ।

परन्तु समान ज्ञान पौषहरूलाई थियो थिएन, यसबारे खोजी हुनु बाँकी छ। तैषहरू दोष भएझैं पौषहरू बोष भएको सूचना अफगानिस्तानको बुखाराले हामीलाई दिन्छ । हाम्रा धनञ्जयगोत्री बोखरेलहरू कुन स्थलका बोप सन्तति हुन् खोज्न बाँकी छ। पक्कै यिनको र बङ्गाली बोस (वासु) को मूल भिन्न होइन । दोषहरूले हामीलाई डोटी दिएझैं पौषहरूले अनेकौं पौषगङ्गा (पौडी) दिएका छन् । जहाँको पौषगङ्गाले पनि हामीलाई पौडेल दिएको छ। ठीक त्यसैगरी जहाँको पौष प्रदेश (पोखरान)ले पनि हामीलाई पोखरेल दिएको छ। विकल्पले पोखरान केही स्थलमा पोखरा पनि भेटिएको छ। चाहे पुष्कर कमल होस्, चाहे जाति, त्यसबाट प्राप्त हुन सक्छ पोखरा। दुवैबाट प्राप्त हुन सक्छन् पोखरान पनि। नेवारी पोखराल थर पनि समान दृष्टान्त हो। परन्तु खस तथा मगरमा पाइने पोखरेल भने थोरै भिन्न स्रोतबाट आयो। त्यो सत्य के हो भने पोखरेल थर आएको पानीपोखरीबाट नभई लुइँटी, कुइँकी आदिकै सादृश्यको कुनै पौषबस्ती (पोखरी)बाट हो ।

यसरी पोखरेल, पौडेल, कोइराला (आदि)लाई मगरबाट खस बनेका जातिको रूपमा चित्रण गरेर म आफ्नो छोटो लेख टुङ्ग्याउँछु । यसले काशीअस्मिताबारे अलिकति पनि सूचना दिएछ भने म पाठकहरूप्रति कृतकृत्य भएको अनुभव गर्नेछु ।

अस्तु ।